# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. १३०१

मितिः २०८०/५/२५

**विषयः उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धमा।**

श्री वडा कार्यालय सबै(१-२९)
भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा यस महानगरपालिका अन्तर्गतका वडाहरुमा आ.व २०८०/०८१ मा संचालन हुने वडास्तरीय तथा नगरस्तरीय योजनाहरु सम्पन्न गर्नको लागि गठन हुने उपभोक्ता समिति यस महानगरपालिकाबाट जारि भएको **"भरतपुर महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४"** को पालना सम्बन्धमा निम्नानुसार व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुन अनुरोध गरिन्छ ।

१. आयोजनास्थलमा आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुलाई समिति गठनको लागि ७ दिन अगाडि सार्वजनिक सूचना प्रवाह गरी आम उपभोक्ता भेला बोलाउने ।
२. भेला वोलाउदा स्थान, मिति र भेला वोलाउनु पर्ने कारण समेत खुलाउने।
३. भेलाको अध्यक्षता सम्बन्धित वडाको अध्यक्ष वा वडाध्यक्षले तोकेका वडा सदस्यले गर्ने ।
४. वडा सचिव वा वडा सचिवले तोकेको वडा कार्यालयको कर्मचारी भेलामा अनिवार्य उपस्थित हुने ।
५. महानगरस्तरीय योजना संचालन तथा कार्यान्वियनको लागि उपभोक्ता समिति गठन को लागि हुने उपभोक्ता भेलामा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा कार्यलयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्ने ।
६. यसरी गठन हुने उपभोक्ता समिति समावेशी हुनुपर्ने, ३३% महिलाको प्रतिनिधित्व हुनुपर्ने, पदाधिकारी मध्य १ जना महिला अनिवार्य हुनुपर्ने। समिति सकेसम्म ११ सदस्यिय गठन गर्ने
७. एक व्यक्ति एक भन्दा वढी उपभोक्ता समितिमा वस्न पाइने छैन
८. एकै परिवारबाट एक भन्दा वढि उपभोक्ता समितिमा वस्न पाइने छैन
९. समिति गठन गर्दा भेलाबाट सकेसम्म सर्वसम्मत र सर्वसम्मत हुन नसकेमा वहुमतवाट निर्णय गर्नुपर्दछ
१०.उपभोक्ता समितिले सम्झौता गरे अनुसारको कार्य उपभोक्ता समितिबाट नै गराउनुपर्दछ कुनै निर्माण व्यवसायी वा अन्य कुनै ठेकेदारलाई दिनु हुदैन ।
११. उपभोक्ता समितिको नाममा बैकमा खाता खोल्नुपर्नेछ उपभोक्ता समितिको नाम र खाता नम्बर योजना सम्झौता हुने समयमा कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

१२. योजना संचालन गर्दा योजना स्थलको पूर्ववत, योजना संचालन हुँदै गर्दाको वखतको र योजना सम्पन्न भैसकेपछि समेत ३ चरणको फोटोहरु समावेश गर्नुपर्दछ ।

१३. योजना कार्यान्वयन तथा सम्पन्न भएपछि अनुगमनको लागि उपभोक्ता समिति बाट कार्यालयलाई लिखित रुपमा जानकारी गराउनुपर्दछ ।

१४. कार्यालयबाट स्विकृत कार्यक्रम सञ्चालनको लागि प्रशतावना तथा बजेट अनुसार लागत अनुमान स्वीकृत भएपछि मात्र कार्यक्रम गर्नुपर्नेछ ।

१५. शिक्षा तर्फ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुसार संचालन हुने कार्यक्रमको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय गराई उपभोक्ता समिति /निर्माण समिति गठन गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम कार्य सम्पन्न गर्नुपर्दछ ।योजनाको लागत अनुमान स्विकृती, कार्यान्वयन, मूल्याङ्कन, अनुगमन लगायतका कार्यहरु माथि उल्लेखित वुँदाहरु अनुसार हुने छ ।

१६. योजना संचालन गर्दा ३ लाख भन्दा बढी रकमका योजनाहरुको योजनास्थलमा योजना सूचना पार्टी अनिवार्य रुपमा राखुपर्नेछ ।

१७. अन्य विषयहरु भरतपुर महानगरपालकाबाट जारी भएको भरतपुर महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ बमोजिम योजना फरफारक सम्बन्धि व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१८. योजना, कार्यक्रम तथा कार्यालयले नियमित प्रवाह गर्ने सेवाहरुको प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र उपलब्ध गराउनुपर्ने ।

<u>वोधार्थ</u>

श्री सूचना प्रविधि शाखाः- Webside मा अपलोड तथा सबै वडा कार्यालयमा E-mail गरिदिनुहुन ।

.........................

(ओम प्रसाद पाण्डे)

महाशाखा प्रमुख

योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफालुन २७, २०७३)